# NEPALI

**( Compulsory )**

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

## QUESTION PAPER SPECIFIC INSTRUCTIONS

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

---

# नेपाली

**( अनिवार्य )**

| अनुज्ञापित समय : तीन घण्टा | अधिकतम अङ्क : 300 |
|---|---|

## प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि) मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिएअनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइनेछ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

**1.** तलका मध्ये कुनै **एक** विषयमाथि छसय (600) शब्दमा निबन्ध लेख्नुहोस् : 100

*(a)* संस्कृति किन महत्त्वपूर्ण हुन्छ?

*(b)* अत्याधुनिक सहर (स्मार्ट सिटी) अनि पारम्परिक नागरिक

*(c)* न्यायिक सक्रियतावाद (एक्टिविज्म) बनाम न्यायिक असीमितता (ओवररिच)

*(d)* विद्यार्थीमाझ परम्पराप्रति सम्मान-भावको विकास

**2.** तलको गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् र दिइएका प्रश्नका स्पष्ट, सटीक एवं संक्षेपमा उत्तर लेख्नुहोस् : 12×5=60

नारीहरूले नै आधाजसो आकाश ढाकेका छन्—यसो भनिएको छ। उनीहरू यसभन्दा पनि अधिक स्थानका अधिकारी छन् भनेर हामी उक्त भनाइलाई सुधार्न सक्छौं। यद्यपि प्रत्येक राष्ट्रको इतिहासमा, सबै काल, संस्कृति, परम्परा, क्षेत्र, धर्म, जाति, वर्ग, स्तर, वर्ण, वंश-परम्परामा अनि विविधतापूर्ण घटनाहरूले भरिएको विगत एवं वर्तमान समयमा जीवनका प्रत्येक क्षेत्रमा नारीहरूलाई पुरुषभन्दा कमजोर ठानिन्छ। उनीहरूले पाउनुपर्ने पोषण, कर्म, शिक्षा, स्वास्थ्य र विकास-कार्यमा समान-अवसर, नेतृत्व अनि आफ्ना सपनालाई साकार बनाउने अवसरबाट उनीहरूलाई योजनाबद्ध ढङ्गद्वारा दूर राखी पक्षपात गरिन्छ। उनीहरूलाई साँचो अर्थमा संसारका सबैभन्दा अधिक 'अल्पसंख्यक' भन्न सकिन्छ।

पितृसत्तात्मक व्यवस्थाले नारीहरूलाई एउटा स्वतन्त्र सत्ता भएको व्यक्तिको रूपमा हेर्दैन। नारीलाई उनीहरूका आफ्ना सम्मान अनि स्वायत्तताको अधिकारयोग्य ठानिँदैन। उनीहरू आफैमा पूर्ण छन् भन्ने स्वीकारिँदैन। सामाजिक व्यवस्था, कानून-व्यवस्था एवं विभिन्न संस्थागत निकायमा नारीलाई समान अधिकार पाउनयोग्य ठानिदैन। यिनका विपरीत उनीहरूलाई पुरुषका औजारजस्तो मात्र ठानिन्छ। पुरुषको वंशानुक्रम अघि बढाइदिने, सेवा गर्ने, यौनेच्छा पूरा गरिदिने, परिवारको हरदर समृद्धिलाई बचाएर राख्ने माध्यम अथवा प्रतीकको रूपमा मात्र नारीलाई हेरिन्छ। कुनै पुरुषको पुत्री, पत्नी अथवा आगाको रूपमा मात्र नारीलाई सांस्कृतिक मान्यता प्राप्त छ। यीदेखि अर्को उनीहरूको कुनै परिचय हुँदैन। उनीहरूको उपर्युक्त परिचय नभए उनीहरूलाई हेलाहोँचो गरिन्छ।

एक्ली स्त्री यस घेराबाट बाहिर उभेकी देखिइन्छिन्। सांस्कृतिक रूपले विवाहको निम्ति स्वीकार्य र योग्य तर अविवाहित, विधवा, परपाचुके भएकी स्त्री घेराबाहिर उभिने वर्गमा पर्छन्। पुरुषको सुरक्षावृत्तबाट बाहिर बस्दा स्त्रीलाई समाजले राम्रो ठान्दैन। आफ्नो जीवन-साथीलाई कुनै दुर्घटना अथवा बिमारीको कारण गुमाएकी र पुरुषको सुरक्षावृत्तलाई अस्वीकार गर्ने स्त्रीलाई यो समस्या अझ बढ्दछ। पुरुषको हैकमबाट टाढा एक्लै बसेर आफ्नो अस्मितापूर्ण जीवन बिताउने स्त्री पुरुषको आँखाको छारो बन्छे।

सर्वाधिक विकासशील देशहरूमा 60 अनि 80 प्रतिशतसम्म भोजनको उत्पादन नारीहरूले नै गर्ने गर्छन्। विश्वभरिमा आधा भोजन-उत्पादनकर्ताको श्रेय पनि उनीहरूलाई जान्छ। सांस्कृतिक रूपमा हेर्दा पनि धैरैजस्ता घरमा स्त्रीहरू नै खाद्य-प्रदाता हुन्छन्। तथापि भारतका घरहरूमा सामाजिक-सांस्कृतिक रीति-थितिको कारण स्त्रीहरूले कम खाने मात्र होइन, कहिलेकाहीं उनीहरूको निम्ति खानेकुरा नै उब्रिँदैन। पर्याप्त मात्रामा खानेकुरा भएका घरहरूमा पनि स्त्री-जातिलाई पौष्टिक खाना प्राप्त हुँदैन। एक्लै आफ्नो शक्तिको बलमा संघर्षरत नारीहरू पनि सामाजिक बन्धन र अतिरिक्त भेदभावका कारण माथिकै वर्गमा पर्दछन्।

पुरुषका तुलनामा स्त्रीका संख्या कम्ती भएको देशहरूमध्ये भारत पनि एउटा हो। देशको जनसंख्यामा स्त्रीहरूको प्रतिशत पछिल्लो शताब्दीदेखि क्रमागत रूपमा कम हुँदैछ। 2001 को जनगणनाअनुसार प्रत्येक 1000 पुरुषका समानान्तर

933 स्त्री मात्र छन्। यदि पुरुषहरूलाई जस्तै नारीहरूलाई पनि समान जीवनअवसर दिएर उनीहरूका स्वास्थ्य र पोषणमा ध्यान दिन सकियो भने पुरुष र स्त्रीको संख्या बराबर हुनसक्छ। वर्तमानमा, 2001 मा पुरुषहरूका तुलनामा स्त्रीहरू 3 करोड 50 लाख कम्ती थिए।

यो अनुपात 2011 को जनगणनामा आंशिक रूपले सुध्रियो। अर्थात् 933 को तुलनामा 940 हुनसक्यो। 2001 मा 6 वर्षसम्मका नारीहरूमा केटाहरू हेरी केटीहरूको जन्मदर 927 मात्र हुँदा एउटा ठूलो चिन्ताको विषय बन्यो। फेरि 2011 मा अझै यो दर तल झरेर 914 भयो। सामाजिक अनि सांस्कृतिक विसङ्गति एवं बढ्दो तकनीकी विकासको कारण स्त्रीहरूलाई जीवनअवसर कम प्राप्त भएको तथ्य अपि आउँदछ। भारतीय समाजमा नियमित रूपले लाखौं छोरीहरू एवं स्त्रीहरू मारिदैंछन् भन्न सकिन्छ।

**प्रश्नावली :**

*(a)* युवती तथा नारीहरूका सम्बन्धमा जनगणना-तथ्याङ्कले हामीलाई के सन्देश दिन्छ?

*(b)* भोजन एवं नारीहरूका सन्दर्भमा असमानताको विडम्बना के हो?

*(c)* "स्त्रीहरूले आधाभन्दा अधिक आकाश ढाकेका छन्।" लेखकको यस कथनको अभिप्राय के हो?

*(d)* पितृसत्तात्मक समाजमा नारीहरू कसरी कामचलाउ हतियार (mere instruments) मात्र हुन्छन्?

*(e)* लेखकअनुसार हाम्रो समाजमा एक्ली नारी कसरी बढी संत्रस्त हुनुपर्छ?

**3.** निम्नलिखित पाठ्यांशको एक-तिहाई शब्दमा सारांश लेख्नुहोस्। शीर्षक आवश्यक छैन : 60

हामीमध्ये धेरैजना मान्छेलाई वफादार हुन प्रशंसनीय कार्य लाग्दछ। हामी आफ्नो परिवारप्रति, साथीहरूप्रति तथा आफ्नो देशप्रति भक्तिभावको अनुशंसा गर्दछौं। वास्तवमा यी नजिकका मानिस तथा समूहप्रति हामी वफादार बन्नै पर्छ, जसप्रति हामी आभारी रहन्छौं। हामीले कुरो गरेको वफादारीको अभिप्राय यही हो कि जब उनीहरू कठिन परिस्थितिमा हुन्छन् र विपदमा परेका हुन्छन्, त्यतिबेला हामी उनीहरूको सहायताको निम्ति उपस्थित हुन्छौं। यसका साथै प्रत्येक समय उनीहरूको भलाइको निम्ति अभिरुचि राख्दछौं।

प्रायः कुनै व्यक्तिले आफ्नो माता-पितालाई धोखा दिएर उनीहरूप्रति उदासीन रहेको देखिन्छ। अथवा आफ्नो देशको सेनाको विरुद्ध विद्रोह गर्दछ अनि आफ्नै देशका नागरिकहरूलाई मार्दछ। यस्तो प्रकारको मान्छेलाई हामी अनुमोदन गर्दैनौं।

तर कतिपल्ट को वफादार हो र को विश्वासघाती हो भनेर निर्णय गर्न गाह्रो हुन्छ। एकजना बाठो केटो आफ्नो पढाइ छोडेर माता-पिताले भनेको धन कमाउने कुरोको विरोध गर्न सक्दछ। उसलाई केही वर्ष अझै पढेर भविष्यमा आफ्ना आमा-बाबुलाई राम्ररी केही दिन सकिन्छ कि भन्ने विश्वास छ। यदि उसले आफ्नो शिक्षा बन्द गरिदियो भने उसको प्रतिभा त्यत्तिकै विनष्ट हुनसक्छ र त्यसले कसैलाई लाभ हुँदैन।

केही मान्छेहरूले मात्रै यस प्रकारका निर्णय लिने युवा-युवतीका निन्दा गर्छन्। साधारणतया यस्तो किसिमको बालकलाई निन्दा नगरी सहायता गर्नुपर्छ। दोस्रो तर्फ यसरी कुनै विशेष परिस्थितिमा यदि कुनै गरीब बालकले आफ्ना गरीब माता-पिताका मदतसम्बन्धी आग्रहलाई नमाने उसलाई धोकेबाज ठानिन्छ। यदि उसले भविष्यमा सफलता पाए आफ्नो युवावस्थाको धोखाबाज स्वभावलाई सम्झेर प्रायश्चित गर्नेछ।

कहिलेकाहीँ यो समस्या त्यतिबेला अझ ठूलो हुन्छ जतिबेला कुनै व्यक्तिलाई आफ्नो देशको सरकारसँग जोडेर यसबारेमा हेर्ने गरिन्छ। आफ्नो देशमा गम्भीरता र दायित्व-निर्वाहका साथ बाँच्ने व्यक्तिहरूका त्यो समूह जो आफ्नो देशलाई खुशी तथा समृद्ध देख्न चाहन्छ, कहिले-कहिले सरकार निकम्मा छ भनेर सरकार विरुद्ध विद्रोह गर्दछ। त्यस समूहसँग सरकार ढाल्ने वा लडाउने कुनै अर्को विकल्प पनि हुँदैन। यस्ता व्यक्तिहरूलाई सरकारले तत्काल विद्रोही र प्रवञ्चक भनेर घोषणा गरिदिन्छ। उनीहरू विद्रोही होलान् तर उनीहरूलाई प्रवञ्चक भन्नु उचित हुँदैन। त्यो समूह आफ्ना देशवासीप्रति भने अधिक वफादार होला, जबकि सरकारप्रति वफादार हुनुपर्छ भन्ने बाध्यता होला।

दुर्भाग्यवश त्यतिबेलासम्म भन्न कठिन हुनेछ कि त्यस समूहको विद्रोह देशप्रतिको इमान्दारीको कारणले प्रेरित छ कि उनीहरूका निजी स्वार्थको कारण, जतिबेलासम्म विद्रोह सफल हुँदैन। विद्रोहीहरू सफल बनेर सरकार बनाइसकेपछि अब उनीहरूलाई देशको समस्त जनता र सबै राजनैतिक शत्रुहरूको पनि केही अधिकार अवश्य हुन्छन् भन्ने थाहा होला! आफ्नो मत प्रकट गर्ने स्वतन्त्रता अनि लोकप्रिय सहमति जोगाड गर्ने प्रयत्नको अधिकार। अथवा त्यो समूह आफ्नो राजनैतिक शत्रुलाई मास्ने कार्यमा आफ्नो शक्तिको प्रयोग गर्नपट्टि लागेको होला। यदि उनीहरू पहिलेकै आचरण गरिरहेका छन् भने आफ्नो देशप्रति वफादार छन् भन्ने प्रमाण हुनेछ। आफ्नो समूहको स्वार्थ-लाभप्रति वफादार छैनन् भन्ने हुन्छ। यदि उनीहरू अर्कै आचरण गरिरहेका छन् भने उनीहरू देशप्रति वफादार छैनन् भन्ने बुझ्नु पर्दछ। यस्तो कुरोको बोध हामीलाई धेरै अबेर पछि मात्र हुने गर्दछ।

**4.** दिइएको परिच्छेदलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

कुनै एक अमीर आफ्नो जहाजमा समुद्री यात्रा गरिरहेकै बेला ठूलो आँधीको चपेटमा परे। जहाजमा एकजना दास पनि थियो, जसले समुद्र कहिल्यै देखेको थिएन, उ डरले चिच्याउन र रुन थाल्यो। केहीबेरसम्म उ रोइरह्यो अनि कसैले उसलाई चूप पार्न सकेन। क्रोधित भएर अमीरले भन्यो, ''के यहाँ कोही छैन जसले यो नीच डरपोकलाई चूप पार्न सक्छ?''

एकजना दार्शनिक, जो यात्री नै थिए, ''मलाई लाग्दैछ यो मान्छेलाई म नै चूप पार्न सक्छु सर! यदि तपाईंले मलाई अनुमति दिनुभयो भने म उसलाई खुशी पार्न सक्छु।'' ''अघि हिंड'', अमीरले भन्यो, ''तिमीलाई मेरो अनुमति छ।''

दार्शनिकले केही नाविकहरूलाई बोलाए अनि त्यो दासलाई समुद्रमा फ्याँकिदेऊ भनेर आदेश दिए। यसै गरे तिनीहरूले। विवशतामा परेर, त्यो दरिद्र मान्छेको आफ्नो हात-खुट्टाहरू डरले काँप्न थाल्यो। तर केहीबेरपछि त्यो दार्शनिकले फेरि त्यो दासलाई जहाजमा ल्याउने आदेश दिए। छतमा आएपछि त्यो दास अझ भयभीत बन्यो, तर एकदमै चूपचाप। अमीरले दासमा अचानक परिवर्त्तन आएको आभास पाए अनि त्यसको निधिखोजी लिन थाले। दार्शनिकले भन्न लाग्यो, ''हामी कहिल्यै यो अनुभव गर्दैनौं कि कसरी हामी कसरी धनी छौं कि कुनै त्यस्तो तल्लो तहमा नपुगेसम्म केही थाहा हुँदैन।''

**5.** दिइएको परिच्छेदलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

Man has always been fascinated by dreams. He has always tried to find explanations for his dreams. Perhaps dreams tell us about the future or the past, perhaps they tell us about our deepest fears and hopes. I don't know. Today, I want to give you a completely different explanation. But before I do so, I must give you one or two facts about dreams. First of all, everybody dreams. You often hear people say, 'I never dream', when they mean, 'I can never remember my dreams'. When we

dream, our eyes move rapidly in our sleep as if we were watching a moving picture, following it with our eyes. This movement is called REM, that is Rapid Eye Movement. REM sleep is the sleep that matters. Experiments have proved that if we wake people throughout the night during REM, they will feel exhausted the next day. But they won't feel tired at all if we take them at times when they are not dreaming. So the lesson is clear : it is dreaming that really refreshes us, not just sleep. We always dream more if we have had to do without sleep for any length of time.

If that is the case, how can we explain it? I think the best parallel I can draw is with computers. After all, a computer is a very primitive sort of brain. To make a computer work, we give it a programme. When it is working, we can say it is 'awake'. If ever we want to change the programme, that is to change the information we put into the computer, what do we do? Well, we have to stop the computer and put in a new programme or change the old programme.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

प्रभूक्ति ; देशोत्थान ; हितैषी ; वनौषधि ; न्यून ; अन्वेषण ; पित्रिच्छा।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थी शब्दहरूको प्रत्येकको दुइ-दुइवटा भिन्न अर्थ दिनुहोस् : 5

अणु ; उपाधि ; कृत ; गुँड ; दीन ; नशा ; फेरि।

*(b)* *(i)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

पारि-डाँडा ; साथीसित ; गाउँभर ; पापरहित ; देवदर्शन ; अकुलीन ; शैलोन्नत।

*(ii)* तलका कुनै **पाँच** प्रत्ययहरू लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

एसो ; अन ; इका ; आली ; आहा ; पन ; इम।

*(c)* *(i)* तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

आँखा गाड्नु ; कान तताउनु ; खुट्टा तान्नु ; मुठ्ठी बजार्नु ; टाउको बटार्नु ; मन चोर्नु ; लात खानु।

*(ii)* तलका कुनै **पाँच** उखानहरूलाई पूर्ण गर्नुहोस् : 5

(1) साँढेको जुझाई ..........।

(2) सुखले अघाइँदैन ..........।

(3) हात्तीको दाँत ..........।

(4) शास्त्र हराए काशी जानू ..........।

(5) लोहारको एक चोट ..........।

(6) खाइसार कि लाइसार ..........।

(7) अंशको झगडा ..........।

(8) लङ्का पुगेपछि ..........।

(d) (i) तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

परसर्ग ; भरी ; लघिमा ; खण्डन ; सूक्ष्म ; देन ; स्थावर।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) जुन धाराका रूपमा निस्कन्छ।

(2) गाउँ वा देशबाट बाहिर निकाल्नु।

(3) नानीलाई पहिलोपल्ट भात खुवाउने काम वा उत्सव।

(4) जन्म-मरणको बन्धनदेखि मुक्त भएको।

(5) रोगीले खाने खाद्य पदार्थ।

(6) भनेको नटेर्ने वा मै हूँ भन्ने मानिस।

(7) कुनै वस्तुको वास्तविक ज्ञान भएको।

(8) शुक्लपक्षको अन्तिम तिथि।

★★★